सुरूङ्गा नगरपालिका, ससरी

कार्यपालिका बैठक

२०८३।०१।१५

<u>प्रस्तावहरु:</u>

१. भूमि प्रशासन सम्बन्धी सेवा स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धमा ।
२. जनप्रभात मा.वि. सुरुङ्गा न.पा .-३ को कम्पाउण्ड वाल निर्माण सम्बन्धमा ।
३. मधुपट्टी अन्तर्गत सार्वजनिक ऐलानी जग्गामा रहेको आँप बगैंचा टेन्डर सम्बन्धमा ।
४. विविध ।

<u>निर्णयहरु:</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा भूमि व्यवस्था तथा गरिवी निवारण मन्त्रालय जग्गा प्रशासन शाखा, सिंहदरवार काठमाण्डौंको च.नं. ६२६ मिति २०८३।०१।१० को पत्र साथ संलग्न राखि प्रकाशित भूमि प्रशासन सम्बन्धि सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना बमोजिम यस नगरपालिकाले आवश्यक पूर्वाधार र जनशक्ति व्यवस्थापन गरी उक्त सेवाहरु नगरपालिकाबाट प्रवाह गर्न इच्छुक रहेको सम्बन्धमा भुमि व्यवस्था तथा गरिवी निवारण मन्त्रालय सिंहदरवार काठमाण्डौंलाई पत्राचार गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा जनप्रभात मा.वि. सुरुङ्गा न.पा.-३ को कम्पाउण्ड वालको कार्य सञ्चालन गर्ने अनुमति दिनुका साथै प्राविधिक मूल्यांकन अनुसार भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा साविक मधुपट्टी गा.वि.स. वडा नं. १ र २ हाल सुरुङ्गा न.पा.-४ मधुपट्टी गाउँ अन्तर्गत गोली देवी चौधरीको जग्गा भन्दा उत्तर चनर चौधरीको जग्गा भन्दा पशुचिम भलुवाही नदी जोडिने सार्वजनिक कच्ची बाटो देखी पूर्व र भलुवाही नदीदेखि दक्षिण चारकिल्ला क्षेत्रभित्र अन्दाजी ०-१५-० जग्गा रहेको आँप बगैचाको फल नगर कार्यपालिकाले आ.व. २०८२।०८३ को लागि टेन्डर आह्वान गरी आम्दानी न.पा. मा बाध्ने सर्वसम्मतिबाट पारित गरियो ।